# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ५** **संख्याः ९** **कार्यपालिकाबाट पारित मितिः २०७९।०५।०४**

**प्रमाणिकरणः२०७९।०५।१६**

**प्रकाशन मितिः २०७९।०५।१६**

## भाग-२

## ठाकुरबाबा नगरपालिका


## ठाकुरबाबा नगरपालिकाको पूर्ण हात धुने अभियान सञ्चालन कार्यविधि, २०७९

**प्रस्तावना :**

पूर्ण सरसफाईयुक्त नगरपालिका बनाउने ठाकुरबाबा नगरपालिकाको २० बर्षे गुरु योजना २०७५-२०९५ को लक्ष्य हासिल गर्न पालिकामा बसोबास गरिरहेका घरमूली, संघसंस्था र कार्यालयहरूको पहलमा नगरपालिकाका सबै घर, संघसंस्था, कार्यालय र सार्वजनिक स्थानहरुमा सबैको पहुँचयुक्त हात धुने स्थान बनाएर विशेष अवस्थामा नियमित साबुन पानीले हात धुने अभ्यास प्रवर्द्धन मार्फत विभिन्न संक्रमण, रोग र असामयिक मृत्युदर घटाउन वाञ्छनीय भएकोले ठाकुरबाबा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी ठाकुरबाबा नगरपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “ठाकुरबाबा नगरपालिकाको पूर्ण हात धुने अभियान सञ्चालन कार्यविधि, २०७९” रहेको छ ।

२. यो कार्यविधि कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात  लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) “नगरपालिका” भन्नाले ठाकुरबाबा नगरपालिकालाई जनाउने छ । छोटकरीमा यसलाई पालिका मात्र भनेर बुझ्नु पर्दछ ।

ठाकुरबाबा नगरपालिकाको पूर्ण हात धुने अभियान सञ्चालन कार्यविधि, २०७९

(ख) "प्रमुख" भन्नाले ठाकुरबाबा नगरपालिकाको प्रमुखलाई जनाउने छ।

(ग) "उपप्रमुख" भन्नाले ठाकुरबाबा नगरपालिकाको उपप्रमुखलाई जनाउने र्छ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ठाकुरबाबा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने र्छ।

(ङ) "नगरस्तरीय वास समन्वय समिति" भन्नाले पालिकाले खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धि क्रियाकलापहरू कार्यान्वयन गर्न गठन गरिएको समितिलाई जनाउँछ।

(च) "वडास्तरीय वास समन्वय समिति" भन्नाले पालिकाले वडा तहमा खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धि क्रियाकलापहरू कार्यान्वयन गर्न गठन गरिएको समितिलाई जनाउँछ।

(छ) "विद्यालय वास समन्वय समिति" भन्नाले पालिकाले विद्यालय तहमा खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धि क्रियाकलापहरू कार्यान्वयनका लागि गठन गरिएको समितिलाई जनाउँछ। यो शब्दले क्याम्पसमा हात धुने अभियानका गठित समितिलाई समेत जनाउँनेछ।

(ज) "सामुदायिक सङ्गठन" भन्नाले पालिका भित्र विभिन्न सामाजिक कार्यहरू गर्ने उद्देश्यले स्थापित औपचारिक तथा अनौपचारिक समूह वा सङ्गठनलाई बुझाउँनेछ।

(झ) "संघसंस्था" भन्नाले मुनाफा वितरण गर्ने उद्देश्य नराखी संघसंस्था दर्ता ऐन, २०३४, राष्ट्रिय निर्देशन ऐन, २०१८ अनुसार दर्ता भएका तथा समाज कल्याण ऐन २०४९ अनुसार आवद्ध सामाजिक संस्थाहरूलाई जनाउने र्छ।

(ञ) "साझेदार" भन्नाले समाज कल्याण वा सामाजिक सेवा तथा विकास कार्यमा सहयोग गर्ने गैर सरकारी संघसंस्था, विदेशी सरकार, सहकारी एवम् वित्तीय संस्थाहरू आदि जनाउने र्छ।

(ट) "सरोकारवाला" भन्नाले पूर्ण हात धुने अभियानका क्रियाकलाप कार्यान्वयनका क्रममा प्रत्यक्ष वा अप्रत्येक्ष रुपमा जोडिई आफ्नो भूमिका निर्वाह गर्ने व्यक्ति र संस्थाहरुलाई जनाउने र्छ।

(ड) "विषयगत समिति" भन्नाले स्थानीय तहमा गठित विभिन्न समितिलाई जनाउने र्छ।

**३. कार्यविधिको उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहायवमोजिम रहेको छ :

क) अभियानको परीक्षण (Piolting) चरण र पूर्ण कार्यान्वयन चरण सञ्चालन गर्ने भौगोलिक क्षेत्र निश्चित गर्नु,

ख) अभियानमा सहकार्य गरिने सामुदायिक सङ्गठन, संघसंस्था र साझेदारहरू निश्चित गरी क्षमता विकास एवम् जिम्मेवारी स्पष्ट गर्नु,

ग) अभियानमा बहु साझेदारहरुबाट परिचालन गरिने तथा प्राप्त हुने सहयोगलाई पारदर्शी एवं प्रभावकारी ढंगले परिचालन गर्नु/गराउनु।

घ) अभियानमा संलग्न हुने पालिका अन्तर्गतका निकाय, संघसंस्था, स्थानीय समुदाय, साझेदार एवम् अन्य सरोकारवाला निकायहरूबिच समन्वय गरी कार्यसम्पादनमा एकरुपता ल्याउनु।

ङ) स्थानीय ज्ञान, सीप तथा स्रोतसाधनको परिचालन मार्फत पूर्ण हात धुने अभियानलाई दिशानिर्देश गर्नु।

## परिच्छेद २

## अभियानको मार्गदर्शक सिद्धान्त तथा भौगोलिक कार्यक्षेत्र

**४. मार्गदर्शक सिद्धान्त :** देहायका मार्गदर्शक सिद्धान्तहरूको अधीनमा रही पूर्ण हात धुने अभियानका लागि नगरपालिकाको स्रोतका अतिरिक्त साझेदार संस्थाहरूबाट प्राप्त हुने सहयोग परिचालन गरिनेछ :

(क) पालिकाको "२० बर्षे गुरू योजना", "खानेपानी, सरसफाइ तथा स्वच्छता योजना" "पूर्ण सरसफाइ प्रवर्द्धनका लागि तयार गरिएको चारवर्षे रणनीतिक कार्ययोजना" र "पूर्ण हात धुने रणनीति २०७९" का उद्देश्यहरू हासिल गर्न पूर्ण हात धुने अभियान निर्देशित हुनेछ।

ठाकुरबाबा नगरपालिकाको पूर्ण हात धुने अभियान सञ्चालन कार्यविधि २०७९

(ख) पालिकाको आव्हान तथा पत्राचारका आधारमा हात धुने स्थान बनाउन सहजीकरण र सहयोग गर्नु पालिकालाई कार्य/सेवा क्षेत्र बनाएका सबै सामुदायिक सङ्गठन, संघसंस्था, साझेदार र सरोकारवालाहरुको कर्तव्य हुने छ।

(ग) औपचारिक कार्यक्रम गरी अभियानको शुरुवात र पूर्ण हात धुने पालिका घोषणा गरी अभियान समापन गरिने भए पनि विशेष अवस्थामा नियमित हात धुने अभ्यास गर्नु पालिकाका सबै नागरिकको कर्तव्य हुनेछ।

(घ) सामुदायिक सङ्गठन, संघसंस्था तथा साझेदार संस्थाहरूबाट पूर्ण हात धुने अभियान सञ्चालन गर्दा एकद्वार प्रणाली अवलम्बन गरिनेछ। वडामा काम गर्ने संस्थाहरुले वडा वास समन्वय समिति र पालिकामा पालिका वास समन्वय समितिसँग समन्वय गरी कार्य गर्नु पर्नेछ।

(ङ) वडा र पालिकामा सामुदायिक सङ्गठन, संघसंस्था तथा साझेदार संस्थाहरू परिचालन पूर्व क्षमता विकासका क्रियाकलापहरुमा सहभागी गराइने छ।

(च) अभियानको परीक्षण चरणमा पूर्ण हात धुने टोल घोषणा गर्न सकिने छ। यद्यपि अभियानको न्यूनतम् एकाइ वडा हुनेछ। साथै सामुदायिक सङ्गठन, संघसंस्था तथा साझेदारहरू परिचालन गर्दा कम्तिमा एउटा वडाको जिम्मेवारी दिइने छ।

(छ) अभियानका लागि आर्थिक एवम् प्राबिधिक सहयोग, तथ्याङ्क र सूचना व्यवस्थापन, अभिलेखिकरण एवम् प्रतिवेदन र प्रगति समिक्षाका लागि साझेदारहरुको सहयोग लिइने छ। साथै आवश्कताअनुसार परामर्श सेवा प्रदायकबाट सेवा लिन सकिनेछ।

**५. भौगोलिक कार्यक्षेत्रः** सहज रुपमा अभियान सञ्चालन गर्न पालिकाका ९ वटा वडालाई परीक्षण चरणका वडा र कार्यान्वयन चरणका वडा गरी २ भागमा बाँडेर कार्य गर्ने गरी भौगोलिक कार्य क्षेत्र निर्धारण गरिने छ।

(क) **परीक्षण चरणका वडाहरू :** वडा नं १, ४ र ६ ।

(ख) **कार्यान्वयन चरणका वडाहरूः** वडा नं २, ३, ५, ७, ८, र ९ ।

**स्पष्टीकरणः** *परीक्षण चरण कार्यान्वयन गरिने प्रत्येक वडाका कम्तिमा १/१ वटा गाउँ वा टोलमा अभियान शुरु गर्न सकिनेछ।*

## परिच्छेद ३

## सामुदायिक सङ्गठन, संघसंस्था र साझेदारहरू, सहकार्यका क्षेत्र, क्षमता विकास र भूमिका

**६. सामुदायिक सङ्गठनहरूः** सम्बन्धित वडा भित्रका टोल, गाउँ, विद्यालय, क्याम्पस, उद्योग, व्यवसाय र कार्यालयहरूमा हात धुने अभियान अन्तर्गतका गतिबिधिहरू कार्यान्वयन गर्न देहायका सामुदायिक सङ्गठन एवम् तिनका इकाईहरू परिचालन गरिने छ :

(क) बडघर एवम् बडघर सञ्जाल,
(ख) आमा समूह एवम् आमा समूह सञ्जाल,
(ग) टोल विकास संस्थाहरू
(घ) सामुदायिक बन उपभोक्ता समिति एवम् सञ्जाल,
(ङ) खानेपानी उपभोक्ता संस्था एवम् सञ्जाल,
(च) स्थानीय क्लव एवम् सञ्जाल,
(छ) स्थानीय रितिरिवाज र संस्कृति संरक्षणमा क्रियाशील समूह/संस्थाहरू,
(ज) स्थानीय उद्यमी तथा व्यवसायीहरू

**७. संघसंस्था र साझेदारहरू :** नगरपालिकामा हात धुने अभियान अर्न्तगतका गतिबिधिहरू कार्यान्वयन गर्न देहायका संघसंस्था र साझेदारहरुसँग सहकार्य गरिने छ :

(क) स्थानीय, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू,

(ख) द्विपक्षीय सङ्गठनहरू,
(ग) संयुक्त राष्ट्र संघ र यसका निकायहरू,
(घ) सहकारी, बैंक र वित्तीय संस्थाहरू,
(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निजी क्षेत्रहरू ।

**८. सामुदायिक सङ्गठन, संघसंस्था र साझेदारहरुसँग सहकार्य गरिने क्षेत्रहरूः**
पालिकासँग हात धुने अभियानमा सहकार्य गर्ने सामुदायिक सङ्गठन, संघसंस्था र साझेदारहरुले देहाय बमोजिमका कुनै एक वा एक भन्दा बढी क्षेत्रमा सहकार्य गर्न सक्नेछन् :

**(क) सचेतना अभिबृद्धिः** यस अन्तर्गत (अ) पालिका, वडा, शिक्षण संस्था, कार्यालय र समुदायमा **मानव संसाधन** (पालिका र वडा वास समन्वय समितिको गठन/पुनर्गठन, सामुदायिक हात धुने अभियन्ता, डकर्मी, प्लम्बर, आदि) विकास, (आ) क्षमता विकास तथा व्यवहार परिवर्तनका क्रियाकलापहरू जस्तै अभिमुखीकरण, उचित तरिकाले हात धुने अभ्यास प्रदर्शन, हात धुने स्थानका विकल्पहरुबारेको जानकारी, कार्यशाला, अन्तरक्रिया, तालिम, झिल्को पार्ने सत्र (triggering sesión) सञ्चालन, सडक नाटक, नाचगान, प्रतियोगिताहरू, प्रदर्शनीहरू, तथा (इ) सूचना शिक्षा, सन्दर्भ सामग्रीहरू विकास, प्रकासन र वितरण, श्रब्य, दृष्य र श्रब्यदृष्य एवम् छापा सामग्रीहरुको विकास तथा प्रकाशन र वितरण लगायतका कार्यहरू ।

**(ख) सामाजिक परिचालनः** यस अन्तर्गत वडा वास समन्वय समितिसँगको समन्वयमा घरदैलो भेटघाट, र्‍याली, हात धुने टुटी र ढक्कन सहितको बाल्टी जडान, पूर्ण हात धोएको टोल र वडा घोषणा, सामाजिक सञ्जालमार्फत सञ्चालन गरिने सचेत नागरिक अभियान, जिम्मेवार व्यवसायी अभियान, जिम्मेवार सञ्चारकर्मी अभियान लगायतका लगायतका कार्यहरू ।

**(ग) सम्पदा संरक्षण तथा सौन्दर्यकरणः** अभियान सञ्चालनका क्रममा लक्षित टोल, गाउँ र वडाका सामुदायिक एवम् सरकारी सम्पत्तिको विनास हुनबाट रोक्ने एबम् यस्ता सम्पत्तिहरुको संरक्षण गर्ने कार्यहरू । साथै घर र कार्यालयहरुमा कुन स्थानमा कस्तो हात धुने स्थान बनाउँदा घरको सौन्दर्य बढ्छ भनेर सहजीकरण गर्ने कार्यहरू ।

**(घ) सामग्रीको सहज उपलब्धता र ढुवानी :** पालिका भित्रका बजारमा हात धुने स्थान बनाउन आवश्यक पर्ने ढक्कन सहितको बाल्टी, टुटी, वेसिन, बेसिन स्ट्यान्ड, पाइप, ईँटा, बालुवा, सिमेन्ट लगायतका सामग्रीहरुको सहज र सस्तो दरमा उपलब्धताका लागि सहजीकरण गर्ने कार्यहरू । त्यसैगरी यातायात (बस, मिनि बस, अटो रिक्सा, रिक्सा, टेक्टर, ट्रक आदि) सेवा प्रदायकहरुसँग समन्वय गरेर सस्तो दरमा सहजरुपमा बजारदेखि घरसम्म निर्माण सामग्रीहरू ढुवानी गर्ने कार्यका लागि सहजीकरण गर्ने कार्यहरू ।

**(ङ) प्रयोग सुनिश्चतता र प्रयोगपछिको सन्तुष्टी सर्भेक्षणः** घर, शिक्षण संस्था, स्वास्थ्य संस्था, व्यवसायिक प्रतिष्ठानहरू, संघसंस्था, सार्वजनिक स्थानहरू र कार्यालयहरू लगायतमा जडान गरिएका हात धुने स्थानमा साबुन र पानीको उपलब्धता, प्रयोगकर्ताले हात धोएको सुनिश्चिता गर्ने र हात धुने स्थान प्रयोग गरेको केही महिनापछि उनीहरुले अनुभव गरेका कुराहरुको सर्वेक्षण गर्ने कार्यहरू । त्यसैगरी समाचार, फिचर, घटना अध्ययन, अघि र पछिको अवस्था प्रस्ट्याउने फोटो एल्बम, हात धुने स्थान प्रयोग पश्चात घर, टोल र पालिकामा आएको परिवर्तन अभिलेखनसम्बन्धि कार्यहरू ।

**(च) अन्य अन्तरसम्बन्धित क्षेत्रहरूः** नगरपालिकाका तर्फबाट गर्नु पर्ने कार्यहरूमा सहयोग[१], आधार रेखा स्थापना, स्थानीय सरकारका नीति नियम तर्जुमा तथा प्रचारप्रचार, सूचना प्रणालीको विकास, सूचना

[१] *गरिबीको रेखामुनी रहेका, अशक्त, अपाङ्ग, जेष्ठ नागरिक र नियमित आम्दानी नभएका तथा राज्यबाट कुनै सुबिधा नलिएका विदुवा महिला मुली भएका र आफैं हात धुने स्थान जडान गर्न नसक्ने घरहरुलाई सामग्री सहयोग ।*

अद्यावधिक गर्ने, प्रगति अनुगमन तथा मूल्याङ्कन, व्यवहार परिवर्तत अध्ययन, नयाँ विकल्पको अविष्कार तथा प्रयोग, सूचना प्रविधिको प्रयोग, अनुसन्धान तथा विकाससम्बन्धि कार्यहरू ।

**(छ) नगरपालिकाले तोकेका अन्य कार्यक्षेत्रहरू ।**

**९. सामुदायिक सङ्गठन, संघसंस्था र साझेदारहरुको क्षमता विकासः** पालिकाले सहकार्य गर्ने सामुदायिक सङ्गठन, संघसंस्था र साझेदारहरुका लागि परिचयात्मक कार्यक्रम, अभिमुखीकरण, कार्यशाला, तालिम, झिल्को पार्ने सत्र सञ्चालन, हात धुने अभ्यास प्रदर्शन, घटना अध्ययन, तथ्याङ्क तथा सूचना व्यवस्थापन, अभिलेखीकरण र प्रतिवेदन लगायतका क्षेत्रमा क्षमता विकास गर्नेछ । अनुसूची १ अनुसारका विषयबस्तुका आधारमा सामुदायिक सङ्गठनहरुबाट सिफरिस भइ छनौट भएका हात धुने अभियानकर्ताहरुलाई प्रशिक्षक प्रशिक्षणमा सहभागी गराइने छ । यसरी तालिम प्राप्त सामुदायिक अभियानकर्ताहरुको पहिचानको लागि अनुसूची २ बमोजिमको परिचय पत्र र निजहरुको घरको पहिचानको लागि अनुसूची ३ बमोजिमको झण्डा समेत उपलब्ध गराइने छ । अभियानमा सहभागी हुने हार्डवेयर व्यवसायीहरू, यातायात व्यवसायीहरू (अटो तथा इरिक्सा चालक समेत) लाई अनुसूची १ मा उल्लेखितमध्ये सान्दभिक विषय समेटेर १ दिने अभिमुखीकरण तालिम बनाएर सो को आधारमा अभिमुखीकरण गरिने छ । ,

**१०. सामुदायिक सङ्गठनहरूको भूमिका :** पूर्ण हात धुने अभियान कार्यान्वयनका सन्दर्भमा स्थानीय सामुदायिक सङ्गठनहरूलाई देहाय बमोजिमका भूमिका निर्वाह गर्ने गरी परिचालन गरिनेछ :

(क) पालिका वा वडाले अनुसूची ४ अनुसार गरेको पत्राचारका आधारमा अनुसूची ५ मा उल्लेखित पूर्ण हात धुने अभियानकर्ता छनौटका आधारहरू अनुरुप सामुदायिक हात धुने अभियानकर्ता छनौट गर्ने र निजहरुलाई अनुसूची ६ बमोजिमको पत्र मार्फत क्षमता विकासका क्रियाकलापहरुमा सहभागी गराउने,

(ख) सामुदायिक हात धुने अभियानकर्ताको जिम्मेवारी (अनुसूची ७ बमोजिम) पुरा गर्न सघाउन आफ्नो सेवा/कार्यक्षेत्रका घरहरूमा पूर्ण हात धुने स्थान बनाउन कार्य योजना बनाउने र सो कार्य योजना कार्यान्वयन गर्ने,

(ग) हात धुने स्थान बनाउन घरमूली, समूह र वडा लक्षित अभिमुखीकरण, झिल्को पार्ने सत्र जस्ता सचेतनामूलक सत्रहरू सञ्चालन गर्ने,

(घ) हात धुने अभियानसँग सम्बन्धित सूचना, शिक्षा तथा सन्दर्भ सामग्रीहरू वितरण गर्ने,

(ङ) सामुदायिक हात धुने अभियानकर्ताले आफ्नो सेवा/कार्यक्षेत्रमा बनेका हात धुने स्थानहरुको प्रगति अनुसूची ८ अनुसारको फारमअनुसार र प्रयोग अभिलेखन अनुसूची ९ अनुसारको फारममा अभिलेख राखेको र पालिकाले तोकेको समयमा पठाएको यकिन गर्ने ।

(छ) आफ्नो सेवा/कार्यक्षेत्रका सबै घरहरूले हात धुने स्थान बनाएको र पूर्ण रुपमा हात धुन उपयोग गरेको निश्चित गर्ने,

(च) स्वयंले हात धुने स्थान जडान गर्न वा बनाउन नसकेका घरधुरीहरूलाई हात धुने टुटी सहितको बाल्टी उपलब्ध गराउने,

(ज) पूर्ण हात धोएको टोल र वडा घोषणा कार्यक्रमको आयोजना गर्ने वा आयोजना गर्न सहयोग गर्ने ।

**११. संघसंस्था र साझेदारहरूको भूमिका :** पूर्ण हात धुने अभियान कार्यान्वयनका सन्दर्भमा संघसंस्था र साझेदारहरूलाई देहाय बमोजिमका भूमिका निर्वाह गर्ने गरी परिचालन गरिनेछ :

(क) पालिका वा वडामा सन्चालित कार्यक्रम/परियोजनाहरुमा हात धुने स्थान बनाउने क्रियाकलाप एकीकृत गर्ने र लक्षित घरधुरीहरुमा पूर्ण हात धुने अभ्यासका लागि उपलब्ध विकल्पहरुमध्ये कुनै एक विकल्प जडान/निर्माण गर्ने र पूर्ण रुपमा हात धुनमा उपयोग गरेको निश्चित गर्ने,

(ख) अनुसूची १ का आधारमा हात धुने स्थान बनाउन घरमूली, समूह र वडा लक्षित अभिमुखीकरण, झिल्को पार्ने सत्र जस्ता सचेतनामूलक सत्रहरू सञ्चालन गर्न सहयोग गर्ने

(ग) हात धुने अभियानसँग सम्बन्धित सूचना, शिक्षा तथा सन्दर्भ सामग्रीहरू प्रकाशन गर्न र वितरण गर्न सहयोग गर्ने,

(घ) स्वयंले हात धुने स्थान जडान गर्न वा बनाउन असक्षम घरहरुलाई टुटी सहितको बाल्टीसहयोग गर्ने,

(ङ) पूर्ण हात धोएको टोल र वडा घोषणा कार्यक्रमको आयोजना गर्न सहयोग गर्ने ।

(च) आ-आफ्नो कार्यक्षेत्रमा बनेका हात धुने स्थानहरुको प्रगति अनुसूची ८ को फारमअनुसार अभिलेख राखी पालिका तथा अभियानको मुख्य साझेदार संस्थाले तोकेको समयमा पठाउने ।

(छ) हात धुने अभियानबाट स्थानीयहरुमा आएको परिवर्तनका बारेको सफलताका कथा, घटना अध्ययन, फिचर, अनुसान्धानात्मक लेख तयार गर्ने र प्रकाशन गर्ने तथा डकुमेन्ट्रीहरू बनाउने,

(ज) आवश्यकताअनुसार पालिकालाई थप सहयोग गर्ने ।

**<u>१२. सामुदायिक सङ्गठन, संघसंस्था र साझेदारहरूले पालना गर्नु पर्ने शर्तहरू :</u>** पूर्ण हात धुने अभियानअर्न्तगत कार्यक्रम, परियोजना र क्रियाकलापहरू सञ्चालन गर्दा सामुदायिक सङ्गठन, संघसंस्था र साझेदारहरूले देहाय बमोजिमका शर्तहरूको अधीनमा रही गर्नु पर्नेछ :

(क) पालिका वास समन्वय समितिको आयोजनामा हात धुने अभियानको औपचारिक शुभारम्भ पश्चात पालिका वा वडाले अनुसूची ४ बमोजिमको पत्र अनुरुप सामुदायिक सङ्गठनहरू सहभागी हुनु पर्नेछ ।

(ख) संघसंस्था र साझेदारहरूले पालिकाले बनाएको एकद्वार प्रणाली अनुशरण गरी हात धुने अभियानमा सहभागी हुन अनुसूची १० बमोजिमको इच्छापत्र पेस गर्नु पर्नेछ ।

(ग) पेस भएका इच्छा पत्रहरुको मूल्याङ्कन अनुसूची ११ बमोजिम गरिने छ ।

(घ) सामुदायिक सङ्गठनहरूले वडा वास समन्वय समितिसँग समन्वय गरेर र संघसंस्था र साझेदारहरूले पालिका वास समन्वय समितिसँग समन्वय गरेर कार्य गर्नु पर्नेछ ।

(ङ ) सामुदायिक सङ्गठनहरूले हात धुने अभियान अर्न्तगतका क्रियाकलापहरू सञ्चालन गर्दा सङ्गठन रहेको टोल/गाउँका सबै घरहरूलाई समेटेको हुनु पर्नेछ ।

(च) संघसंस्था र साझेदारहरुले हात धुने अभियान अर्न्तगतका क्रियाकलापहरू सञ्चालन गर्दा कम्तिमा एउटा वडाका सबै घरहरूलाई समेटेको हुनु पर्नेछ ।

(छ) संघसंस्था र साझेदारहरुले पेश गर्ने हात धुने अभियानसँग सम्बन्धित परियोजना सञ्चालनका लागि आवश्यक पर्ने स्रोत, साधन र जनशक्ति आफ्नै वा प्रतिवद्ध अन्य स्रोतबाट व्यवस्था गरेको हुनु पर्नेछ । परियोजना पेश गर्दा स्रोत उपलब्धताको प्रमाण पेश गर्नु पर्नेछ ।

(ज) एउटै टोल/गाउँ र वडाको भौगोलिक क्षेत्रमा कार्य गर्न पहिला पत्राचार गर्ने सामुदायिक सङ्गठन तथा पहिला इच्छा पत्र पेस गर्ने संघसंस्था र साझेदारहरुलाई पूर्ण हात धुने अभियानमा सहभागी गराइने छ । दुई वा बढी इच्छा पत्र प्राप्त हुन आएमा संस्थाले समुदायमा गरेको काम र प्राप्त गरेको उपलब्धी, उपलब्ध जनशक्ति, स्रोतको निश्चितता, कार्य गर्ने र समयमा प्रतिवेदन पेस गर्ने प्रतिबद्धतालाई आधार मानेर आवश्यक संख्यामा मात्र छनौट गरी कार्य गर्ने जिम्मेवारी दिइने छ ।

(झ) एकभन्दा बढी इच्छा पत्र पेश गरेका सामुदायिक सङ्गठन, संघसंस्था र साझेदारहरूलाई दफा ८ को (क) देखि (छ) मध्येका कुनै क्षेत्रमा कार्य गर्नका लागि परिचालन गर्न सकिने छ ।

(ञ) नगरपालिकाको पूर्ण हात धुने अभियानको लक्ष्य र उद्देश्यहरू बाहेक अन्य कुनै निहित स्वार्थ पुरा गर्न अभियानमा सहभागी हुन खोजेका र अपेक्षित योगदान गर्न नसक्ने सामुदायिक सङ्गठन, संघसंस्था र साझेदारहरुको इच्छापत्र अस्वीकार गर्न सकिनेछ ।

(ट) कुनै टोल/गाउँ वा वडाबाट कुनै इच्छा पत्र पेस नभएमा सम्बन्धित वडा वास समन्वय समितिसँग छलफल गरी सोही वडामा रहेका मध्ये एक वा सोभन्दा बढी सामुदायिक सङ्गठनहरूलाई कार्य गर्ने अवसर प्रदान गर्न सकिने छ ।

ठाकुरबाबा नगरपालिकाको पूर्ण हात धुने अभियान सञ्चालन कार्यविधि, २०७९

(ठ) यो कार्यविधि लागू हुनु पूर्व कुनै संघसंस्था र साझेदारहरुले नगरपालिका भित्र हात धुने स्थान बनाउने क्रियाकलाप कार्यान्वयनका लागि सम्झौता तथा सहमतिहरू गरेको भए इच्छा पत्र पेस गर्दा सम्झौता तथा सहमति पत्र पनि पेस गर्नु पर्ने छ।

(ड) इच्छा पत्र स्वीकृत भएपश्चात पालिका र सम्बन्धित संघसंस्था/साझेदारबिच अनुसूची -१२ बमोजिम द्विपक्षीय सम्झौता गरिने छ।

(ढ) संघसंस्था र साझेदारहरूले इच्छा पत्र पेश गर्नु अघि प्रचलित कानुनअनुरूप सूचीकृत/नवीकरण भएको हुनु पर्नेछ।

(ण) हात धुने अभियानमा सहभागी संघसस्था र साझेदारहरूले अनुसूची -१३ बमोजिमको प्रतिवद्धता इच्छा पत्रसँगै पेश गर्नु पर्नेछ। यसले हात धुने अभियानको दिगोपनका लागि लाभग्राहीहरूले नियमित कोष संकलन गरेर परिचालन गर्न बाधा पुगेको मानिने छैन।

(त) हात धुने अभियान कार्यान्वयनका क्रममा नगरपालिका र वडा कार्यालयहरूले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ।

(थ) सामुदायिक सङ्गठन, संघसंस्था र साझेदारहरूले हात धुने अभियान अर्न्तगतका क्रियाकलापहरू सञ्चालन गर्दा स्थानीय सरकारका ऐन, नीति तथा योजना अनुसरण गर्नु पर्नेछ।

(द) हात धुने अभियानका क्रियाकलापहरू कार्यान्वयन गर्दा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मुलुकको राष्ट्रिय अखण्डता, सार्वभौमिकता, जातजाति, समुदाय, धार्मिक र सामाजिक सद्भावमा खलल पुर्‍याउने वा राष्ट्रिय सुरक्षा नीतिका साथै स्थानीय संस्कृति र वातावरणमा प्रतिकूल प्रभाव पार्ने कुनै पनि क्रियाकलाप सञ्चालन गर्न पाइने छैन। निश्चित धर्म, सम्प्रदाय, क्षेत्रीयता तथा राजनीतिक आस्थाका आधारमा कुनै क्रियाकलाप सञ्चालन गर्न पाइने छैन। सञ्चालन गरिएका क्रियाकलापहरूबाट कुनै प्रकारको व्यापारिक लाभ लिन पाइने छैन।

**पुनश्चः** वडामा रहेका कुनै पनि सामुदायिक सङ्गठनहरूले कार्य गर्ने इच्छा नदेखाएको वडामा वास समन्वय समिति स्वयंले कार्य गर्नेछ।

## परिच्छेद ४
## इच्छा पत्र तथा इच्छा पत्र स्वीकृतिको प्रक्रिया

**१३. इच्छा पत्र :** (१) नगरपालिकाको अगुवाइमा पूर्ण हात धुने अभियानमा सहभागी हुन चाहने संघसस्था/साझेदारले परिच्छेद ३ को दफा १२ उपदफा (ख) बमोजिम अनुसूची -१० को ढाँचामा इच्छा पत्र र अनुसूची -१३ अनुसारको प्रतिवद्धता पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम इच्छा पत्र पेस गर्दा निम्नानुसारको रीत पुगेको हुनुपर्नेछ :

(क) संघसंस्था र साझेदारहरूले कम्तिमा एक वडामा कार्य गर्न इच्छा पत्र पेश गर्न सक्नेछन्।

(ख) पालिकाले कार्यान्वयनमा ल्याएका सबै प्रकारका नीति, निर्देशिका, कार्यविधि, मार्गदर्शन, योजना, अनुकूल हुने गरी इच्छा पत्रका साथमा कागजातहरू संलग्न राखी पेश गर्नु पर्नेछ।

(ग) इच्छा पत्र पेश गर्ने संघसंस्था र साझेदार प्रचलित कानून बमोजिम दर्ता/नवीकरण भएको, स्थानीय पालिकाले मान्यता दिएको, भ्याट वा प्यान नम्बर प्राप्त गरेको, बार्षिक साधारण सभा गरी नविकरण गरेको, करचुक्ता प्रमाणपत्र प्राप्त गरेको हुनु पर्नेछ।

(घ) पालिकाले आवश्यक महशुस गरेमा अतिरिक्त काजगातहरू पेस गर्नु पर्नेछ।

<u>**१४. इच्छा पत्रको छनौट र स्वीकृति :**</u> (१) परिच्छेद ४ को दफा १३ (१) बमोजिम प्राप्त हुन आएका इच्छा पत्र नगरस्तरीय वास समन्वय समितिले आवश्यकता अनुसार हात धुने अभियानका लागि प्राविधिक सहयोग उपलब्ध गराइरहेको संस्थाको परामर्शमा परिच्छेद ३ को दफा १२ उपदफा (ग) अनुसार अनुसूची ११ मा

ठाकुरबाबा नगरपालिकाको पूर्ण हात धुने अभियान सञ्चालन कार्यविधि, २०७९

उल्लेखित आधारहरू अनुरुप मूल्याङ्कन गरी स्वीकृत वा अस्वीकृत गरिनेछ। प्रस्तावित क्षेत्रका लागि पेश भएको इच्छा पत्र अस्वीकृत भएमा परिच्छेद ३ को दफा १२ को उपदफा (ज) अनुसार हुनेछ।

(२) एउटै भौगोलिक क्षेत्रका लागि दुई वा दुईभन्दा बढी इच्छा पत्र पेस भएमा यसै कार्यविधिको परिच्छेद ३ दफा १२ को उपदफा (ज) अनुसार गरिने छ।

(३) समितिले इच्छा पत्र छनौट गर्दा आवश्यकता अनुसार थप विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(४) इच्छा पत्र छनौट सम्बन्धमा नगर स्तरीय वास समन्वय समितिले गरेको निर्णय अन्तिम हुनेछ।

(५) इच्छा पत्र बुझाउने अन्तिम मिति समाप्त भएको ७ दिन भित्र सहकार्य गरिने संघसंस्था/साझेदारहरू छनौट गर्नेछ।

(६) छनौट भएकासंघसंस्था र साझेदारहरूलाई क्रमशः वडा र पालिकाले पत्रमार्फत जानकारी गराउनेछ। साथै छनौट भएका संस्थाहरुको नामावली वडा र पालिकाको सूचना पाटी र वेबसाइटमा प्रकाशन गरिनेछ।

**१५. सम्झौता गर्ने :** इच्छा पत्र स्वीकृत भएपछि अनुसूची -१२ वमोजिमको ढाँचामा संघसंस्था र साझेदारहरूसँग नगरपालिकाले द्विपक्षीय सम्झौता गर्नेछ।

**१६. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन :** (१) सहकार्य गर्न छनौट भएकासंघसंस्था र साझेदारहरूले गरेका कार्यहरूको अनुगमन तथा मूल्याङ्कन वडा तथा नगरस्तरीय वास समन्वय समितिले नियमित रूपमा गर्ने छन्।

(२) आवश्यकतानुसार नगरस्तरीय सर्वदलीय संयन्त्र, विषयविज्ञहरू, सञ्चारकर्मीहरूबाट आवधिक रूपमा अनुगमन गर्न/गराउन सकिनेछ।

(३) हात धुने अभियानमा सहकार्य गर्ने संस्थाहरूले अनुसूची -१४ बमोजिमको ढाँचामा मासिक प्रतिवेदन नगरपालिकाको स्वास्थ्य शाखामा पेश गर्नुपर्ने छ।

## परिच्छेद ५
## विविध

**१७. काम रोक्न आदेश दिन सक्ने :** (१) नगरपालिकाले सहकार्य गरिरहेका संघसंस्था र साझेदारहरूबाट अभियानसँग सम्बन्धित अद्यावधिक सूचना तथा जानकारी माग गर्न सक्नेछ।

(२) तोकिएको समयभित्र उपदफा (१) बमोजिम माग भएको सूचना तथा जानकारी उपलव्ध नगराउने, स्वीकृति बमोजिमका क्रियाकलापहरू सञ्चालन नगर्ने र प्रगति विवरण समयमा उपलब्ध नगराउने संघसंस्था र साझेदारलाई नगरपालिकाले काम रोक्ने आदेश दिन सक्नेछ।

**१८. सम्झौता खारेज गर्नेः** कुनै संघसंस्था र साझेदारले यस कार्यविधिमा भएको व्यवस्था प्रतिकूल हुने कुनै कार्य गरेको पाइएमा एक पटक सफाई पेश गर्ने मौका दिईने छ। दिइएको सफाईमा चित्त नबुझेमा नगरपालिकाले त्यस्तो संस्थासँग गरेको सम्झौता खारेज गरी सोको सार्वजनिकीकरण समेत गरी यस बारेको जानकारी सम्बन्धित साझेदार संस्था र सरोकारवालाहरूलाई दिनेछ।

**१९. कार्यविधिमा परिमार्जन तथा संशोधनः** यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या देखिएमा नगर कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

**२०. थप निर्देशन दिन सक्ने :** हात धुने अभियानलाई प्रभावकारी रुपमा कार्यान्वयन एवम् अपेक्षित नतिजा हासिल गर्ने सन्दर्भमा नगरपालिकाले पालिकामा कार्यरत सामुदायिक सङ्गठन, संघसंस्था, साझेदार र सरोकारवालाहरूलाई थप निर्देशन दिन सक्नेछ। त्यसरी दिएको निर्देशनको पालना गर्नु सम्बन्धित संघसंस्था, साझेदार र सरोकारवालाहरूको कर्तव्य हुनेछ।

**२१. सामुदायिक सङ्गठन, संघसंस्था र साझेदारसँग समन्वय गर्ने:** (१) पूर्ण हात धुने अभियानलाई प्रभावकारीरूपमा सञ्चालनका लागि सामुदायिक सङ्गठन, संघसंस्था र साझेदारसँग समन्वय गर्ने र कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि गर्ने जिम्मेवारी वडामा वडास्तरीय वास समन्वय समिति र पालिकामा नगरस्तरीय वास समन्वय समितिको हुनेछ। नगरस्तरीय वास समन्वय समिति र वडास्तरीय वास समन्वय समितिको संरचना र भूमिका क्रमशः अनुसूची १५ र १६ बमोजिम हुनेछ। त्यसैगरी शिक्षण संस्थास्तरीय वास समन्वय समितिले विद्यालय/क्याम्पसमा सञ्चालन गर्ने पूर्ण हात धुने अभियानसँग गतिविधिहरू सञ्चालनका लागि समन्वय गर्ने छ। यसको संरचना र भूमिका अनुसूची १७ बमोजिम हुने छ।

**२२. योगदानको कदर गरिने :** (१) पूर्ण हात धुने अभियान सफल पार्न सम्झौता गरी महत्वपूर्ण योगदान गर्ने सामुदायिक सङ्गठन, संघसंस्था र साझेदार संस्थाहरूलाई नविकरणका लागि सम्बन्धित निकायमा सिफारिस गर्नेछ। साथै यो अभियान सफल बनाउन गरेको योगदानको आधारमा आगामी दिनमा थप सहकार्य गर्न सकिने छ।

(२) पूर्ण हात धुने अभियानको लक्ष्य हाँसिल भएपश्चात यो अभियानमा महत्वपूर्ण योगदान गर्ने सामुदायिक सङ्गठन, संघसंस्था र साझेदार संस्थाहरूलाई एक औपचारिक कार्यक्रमकाबिच नगरपालिकाले प्रसंशा पत्र उपलब्ध गराउन सक्नेछ। प्रशंसा पत्र उपलब्ध गराइने आधारहरू अनुसूची १८ र प्रशंसा पत्रको नमूना अनुसूचीमा १९ बमोजिमको हुनेछ।

(३) पूर्ण हात धुने अभियानमा सहभागी भई आफ्नो जिम्मेवारी पुरा गरेका सामुदायिक सङ्गठन, संघसंस्था र साझेदार संस्थाहरूलाई कार्य सम्पन्नताको पत्र उपलब्ध गराउन सक्नेछ। यसको नमूना अनुसूचीमा २० बमोजिमको हुनेछ।

ठाकुरबाबा नगरपालिकाको पूर्ण हात धुने अभियान सञ्चालन कार्यविधि, २०७९

अनुसूची १:

## पूर्ण हात धुने अभियान अर्न्तगतका क्षमता विकासका विषयबस्तुहरू

*(परिच्छेद ३ को दफा ९ सँग सम्बन्धित)*

| शीर्षक (समय) | उपशीर्षक/सत्रहरू | विधि | समय | सहजकर्ता |
|---|---|---|---|---|
| | **पहिलो दिन** | | | |
| **१. तालिमको वातावरण सिर्जना** | १.१. शुभारम्भ सत्र | प्रवचन | १५ मिनेट | |
| | १.२. सहभागी र सहजकर्ता परिचय | खेल | ३० मिनेट | |
| | १.३. अपेक्षा र योगदान सङ्कलन | समूह कार्य | १५ मिनेट | |
| | १.४. प्रशिक्षक प्रशिक्षणको उद्देश्य र बिषयबस्तु | पावरप्वइन्ट प्रस्तुतिकरण | १५ मिनेट | |
| | १.५. प्रशिक्षण नीति नियम तर्जुमा र प्रकासन | समूह छलफल | १५ मिनेट | |
| **२. हात धुने अभियानको अवधारणा** | २.१. हात धुने अवधारणाको विकास, कानुनी प्रावधानहरू, नारा, सङ्केत चिन्ह (लोगो), परिचय पत्र र झण्डा | पावरप्वइन्ट प्रस्तुतिकरण | ३० मिनेट | |
| | २.२. हात धुने निश्चित स्थान तथा हात धुने कार्यकोआवश्यकता तथा महत्व | भूमिका अभिनय | ३० मिनेट | |
| | २.३. हात धुने स्थानमा नियमित हात धुँदा हुने फाइदाहरू | सहभागितामूलक छलफल | १५ मिनेट | |
| | २.४. हात धुने अभियानमा साझेदारहरू र तिनको भूमिका | समूह कार्य | ४५ मिनेट | |
| | २.५. हात धुने अभियानको चरण, प्रकृया र अपेक्षित परिणामहरू | पावरप्वइन्ट प्रस्तुतिकरण | १५ मिनेट | |
| | २.६. अभियान सञ्चालनका क्रममा आउने सम्भावित समस्या र समाधानका उपायहरू | मस्तिष्क मन्थन | ३० मिनेट | |
| **३. हात धुने स्थान निर्माण र अनुगमन** | ३.१. समुदायमा हात धुन प्रयोग गरिएका विकल्पहरू | फोटो प्रदर्शनी | ३० मिनेट | |
| | ३.२. हात धुनका लागि प्रयोगमा ल्याउन सकिने नवीन विकल्पहरू | मस्तिष्क मन्थन | ३० मिनेट | |
| | ३.३. हात धुने स्थान निर्माण/जडान गर्दा ध्यान दिनु पर्ने कुराहरू | समूह कार्य | ३० मिनेट | |
| | ३.४. हात धुने स्थानको उपयोग निश्चित गर्ने तरिकाहरू | समूह छलफल | ३० मिनेट | |
| | ३.५. निर्माण/जडान भएका हात धुने स्थानहरुको प्रगति अभिलेखन | पावरप्वइन्ट प्रस्तुतिकरण | १५ मिनेट | |
| | **दोस्रो दिन** | | | |
| | ४.१. हात धुने विशेष अवस्थाहरू | पावरप्वइन्ट प्रस्तुतिकरण | १५ मिनेट | |
| **४. हात धुने अभ्यास प्रवर्द्धन** | ४.२. हात धुने अभ्यास | अभ्यास | ३० मिनेट | |
| | ४.३. हात धुन झिल्को पार्ने सत्रहरू | कथा, घटना अध्ययन, भूमिका अभिनय, उदाहरण | ६० मिनेट | |
| **५. पूर्ण हात सफाइयुक्त** | ५.१. हात धुने अभियानको कोशेढुङ्गा (माइइलस्टोन) र कार्ययोजना | पावरप्वइन्ट प्रस्तुतिकरण | ६० मिनेट | |

ठाकुरबाबा नगरपालिकाको पूर्ण हात धुने अभियान सञ्चालन कार्यविधि, २०७९

| शीर्षक (समय) | उपशीर्षक/सत्रहरू | विधि | समय | सहजकर्ता |
|---|---|---|---|---|
| **घोषणा र दिगोपन** | ५.२. वडा र पालिका पूर्ण हात सफाइयुक्त घोषणाका आधारहरू | छलफल | ३० मिनेट | |
| | ५.३. वडा र पालिका पूर्ण हात सफाइयुक्त घोषणाका प्रकृयाहरू | समूह कार्य | ३० मिनेट | |
| | ५.४. पूर्ण हात सफाइ घोषणा कार्यक्रमको आयोजना र घोषणा | भूमिका अभिनय | ३० मिनेट | |
| | ५.५. हात धुने अभियानका योगदानकर्ताहरुको कदर | भूमिका अभिनय | १५ मिनेट | |
| | ५.६. हात धुने अभियानको दिगोपना | | | |
| **६. हात धुने अभियानमा ज्ञान व्यवस्थापन** | ६.१. हात धुने अभियानमा ज्ञान व्यवस्थापन अवधारणा | पावरप्वइन्ट प्रस्तुतिकरण र छलफल | ३० मिनेट | |
| | ६.२. अभियानको तथ्याङ्क तथा सूचना व्यवस्थापन र अभिलेखीकरण | पावरप्वइन्ट प्रस्तुतिकरण र छलफल | ३० मिनेट | |
| | ६.३. फोटा, कथा, घटना सङ्कलन र लेखन | चित्र प्रदर्शन, कथा बाचन र घटना लेखन | ६० मिनेट | |
| | ६.४. प्रतिवेदन | अभ्यास | ३० मिनेट | |
| **७. समापन** | ७.१. तालिमको समिक्षा | स्वमूल्याङ्कन | | |
| | ७.२. सहभागीहरुलाई प्रमाण पत्र वितरण | | ३० मिनेट | |
| | ७.३. सहभागी, अतिथि र सभाध्यक्षको मन्तव्य सहित तालिम समापन | | ३० मिनेट | |

**पुनश्चः** शुरुको प्रशिक्षणका क्रममा आवश्यक तालिम सामग्रीहरू विकास गरिने छ भने आवश्यक भएमा तालिम पुस्तिका समेत तयार गरिने छ।

ठाकुरबाबा नगरपालिकाको पूर्ण हात धुने अभियान सञ्चालन कार्यविधि, २०७९

## अनुसूची २:
## सामुदायिक हात धुने अभियानकर्ताको परिचय पत्र
*(परिच्छेद ३ को दफा ९ सँग सम्बन्धित)*

ठाकुरबाबा नगरपालिका
सैनवार, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

फोटो

**हात धुने अभियानकर्ताको परिचय पत्र**

परिचय पत्र नं.... नागरिकता नं.: .................

**नामः** .................................... ठेगानाः ठाकुरबाबा-..., बर्दिया

**प्रतिनिधित्व गर्ने संस्थाको नामः** ....................................

**प्रमाणित गर्नेः नामः** ............................. पदः ............

**परिचय पत्र वाहकको दस्तखतः** ..............................

**मान्य अवधिः** ..............................

*यो परिचय पत्र स्वयंसेवा गर्ने हात धुने अभियानकर्ताको भएकोले उहाँहरुलाई आवश्यक सहयोग गरी दिनु हुन अनुरोध छ। साथै यो परिचय पत्र पाउनु भएमा वडा कार्यालयमा बुझाइ दिनु होला।*

**अनुसूची ३:** सामुदायिक हात धुने अभियानकर्ताको पहिचान

टोल/गाउँमा सामुदायिक हात धुने अभियानकर्तालाई परिचित गराउन निम्नानुसारको झण्डा प्रदान गरिने छ। झण्डा प्राप्त अभियानकर्ताले बाँसको लट्ठीमा यो झण्डा बाँधेर टाँढैबाट देखिने गरी घरको उपुक्त स्थानमा राख्नुपर्ने छ।

झण्डाको विशिष्टीकृत विवरण यसप्रकार छ :

१. पोलिष्टरको कपडा (आकारः १.५ x १.५ फिट)

२. आकासे निलो (Sky Blue) को पृष्ठभूमिका चारैतिर गाढा निलो फ्रेम भएको।

३. बिचमा १ फिटको सेतो गोलाकार पृष्ठभूमि भित्र दुबैतिर हात धुने अभियानको लोगो भएको।



**अनुसूची ४:**

पालिका वा वडाले हात धुने अभियानमा सहभागिताका लागि सामुदायिक सङ्गठनहरुलाई गर्ने पत्राचारको नमूना

*(परिच्छेद ३ को दफा १० उपदफा (क) सँग सम्बन्धित)*

श्री अध्यक्ष/प्रमुख ज्यू

......................... (सामुदायिक सङ्गठनको नाम)

......................... (टोल/गाउँको नाम)

**बिषयः सामुदायिक हात धुने अभियानकर्ता सिफारिस सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा यस नगरपालिकाले उचित किसिमले नियमितरुपमा हात नधोएका कारणले हुने रोगको सङ्क्रमणबाट नगरबासिलाई बचाउन तथा पूर्ण सरसफाइको लक्ष्य हासिल गर्न योगदान गर्न **पूर्ण हात धुने अभियान** सञ्चालन गर्न लागेको व्यहोरा सहर्ष जानकारी गराउँद्छौं ।

उक्त अभियान अर्न्तगत संलग्न आधारहरू अनुरुप १ जना स्वयंसेवक छनौटका लागि सिफारिस गरी पठाई दिनु हुन अनुरोध छ । अभियानका लागि छनौट हुने स्वयंसेवकले पूर्ण हात धुने अभियान सञ्चालन कार्यविधि २०७९ को अनुसूची ६ बमोजिमको जिम्मेवारीहरू पुरा गर्नु पर्ने व्यहोरा समेत जानकारी गराउँद्छौं ।

धन्यवाद ।

.........................(वडा अध्यक्षको नाम)

वडा अध्यक्ष

**संलग्नः**

- पूर्ण हात धुने अभियानकर्ता छनौटका आधारहरू १ पेज ।
- पूर्ण हात धुने अभियानकर्ताले पुरा गर्नु पर्ने जिम्मेवारीहरू १ पेज ।

**पुनश्चः** यो पत्राचार गर्दा सम्बन्धित वडाको लेटर हेड प्रयोग गरिने छ ।

ठाकुरद्वारा नगरपालिकाको पूर्ण हात धुने अभियान सञ्चालन कार्यविधि, २०७९

**अनुसूची ५:**

